# नेप्से परिसूचकमा झिनो अङ्कको सुधार

काठमाडौँ, २१ माघ/रासस

यो साता कारोबारको पहिलो दिन उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आज भने झिनो अङ्कको मात्रै वृद्धि देखिएको छ । आज नेप्से परिसूचक दुई दशमलव ४१ अङ्कले बढेर दुई हजार ७३० को विन्दुमा कायम भएको हो ।

आज ३१७ कम्पनीको दुई करोड ३७ लाख ७० हजार ३४८ कित्ता शेयर एक लाख ११ हजार ९१८ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ८७ करोड ५९ लाख ६७ हजार बराबरको कारोबार भएको छ ।

आजको कारोबारमा बैङ्किङ शून्य दशमलव ५४, जीवन बीमा शून्य दशमलव ६७, उत्पादन तथा प्रशोधन शून्य दशमलव २७, लघुवित्त शून्य दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ७८, निर्जीवन बीमा शून्य दशमलव ८२ र व्यापार समूह शून्य दशमलव ७९ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । विकास बैङ्क शून्य दशमलव ३९, वित्त एक दशमलव ०७, होटल तथा पर्यटन शून्य दशमलव ०१, जलविद्युत् शून्य दशमलव ४८ र लगानी समूह शून्य दशमलव ४७ प्रतिशतले घटेको हो ।

उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड र भूगोल इनर्जी कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक 'सर्किट' लागेको छ । त्यस्तै, ग्रिन डेभलपमेन्ट बैङ्क र रिभर फल्स पावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३५ करोड ३० लाख ७५ हजार बराबरको कारोबार भएको छ ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै बरुण हाइड्रोपावर कम्पनी लिमिटेडको छ लाख ३४ हजार ६२० कित्ता शेयर किनबेच भएको छ ।

# फोटो क्याप्सन



नेपाल-चीन सिमानामा पर्ने ताप्लेजुङको हिउँले ढाकिएको टिप्ताला भञ्याङको बाटोको अवलोकन गर्न जाँदै सिरिजङ्घा गाउँपालिकाका उपाध्यक्ष डा चित्रकुमार लिम्बुलगायत कर्मचारी टोली। समुद्री सतहदेखि ५,१०० मिटर उचाइमा पर्ने यो नाका दुर्गम सिमा क्षेत्र मध्ये एक हो। तस्बिर : दिलकुमार लिम्बू/रासस


# छिपहरमाई गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**भिस्वा, पर्सा**

**मधेश प्रदेश, नेपाल**

## सेवा करारमा लिने सम्बन्धि सूचना

**(पहिलो पटक सुचना प्रकाशित मिति : २०८१/१०/२२)**

छिपहरमाई गाउँपालिका पर्साको लागि सेवा करारमा तपसिलका पदहरुमा भर्ना गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र स | विज्ञापन नं. | पद/तह | मांग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर रु | कै |
|---|---|---|---|---|---|---|
| १ | ७/०८१/८२ | क्षयरोग मुक्त कार्यक्रम संयोजक /छैठो तह | १(एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट जन स्वास्थ्य विषयमा स्नातक तह उत्तीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायिक परिषदमा दर्ता भएका | १००० | |
| २ | ८/०८१/८२ | हेल्थ असिस्टेन्ट / पाचौ तह | ३(तीन) | मान्यता प्राप्त शिक्षण सँस्थाबाट जनरल मेडिसिन प्रविणता प्रमाणपत्र उतिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको | ७०० | |
| ३ | ९/०८१/८२ | अ.न.मी. / चौथो तह | ३(तीन) | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा उत्तिर्ण गरी काउन्सिलमा दर्ता भई अध्यावधिक भएकोSBA तालिम लिएकोलाई विशेष ग्राहता दिईनेछ | ७०० | |
| ४ | १०/०८१/८२ | अ.हे.व./ चौथो तह | ३(तीन) | नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा उत्तिर्ण गरी काउन्सिलमा दर्ता भई अध्यावधिक भएको | ७०० | |

१. दरखास्त दिने स्थान : छिपहरमाई गाँउ कार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा ।

२. दरखास्त दिने अन्तिम मिति : २०८१/११/०६ गते मंगलवार सम्म ।

३. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन तथा अन्तर्वार्ता ।

४. राजस्व बुझाउने खाताको नाम र नं. : ग १.१ आन्तरिक राजश्व खाता नं. L6CA000187452406, एन.आई.सि. एसिया बैंक भिस्वा शाखा

५. आवेदन साथ संल्गन कागजातहरु :
- ❖ नागरिकता
- ❖ न्यूनतम योग्यताको लाबधांक प्रमाण पत्र
- ❖ चारित्रिक प्रमाण पत्र
- ❖ काम संग सम्बन्धित अनुभव भए सोको कागजात
- ❖ ३ प्रति पासपोर्ट साईजको फोटो

६.सेवा सुविधा तथा अन्य : नियमानुसार ।

७. दरखास्त भर्ने अन्तिम दिन सम्म १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको हुनुपर्छ ।

८. विस्तृत जानकारीको लागि छिपहरमाई गाउँपालिका कार्यालय, स्वास्थ्य शाखा ।

प्रमुख प्रशासकिय अधिकृत


# आर्थिक अनुशासन कायम गर्न प्रदेश प्रमुख भण्डारीको आग्रह

जनकपुर, २१ माघ/रासस

मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आर्थिक अनुशासन कायम गर्न जरुरी रहेको बताउनुभयो ।

मधेश प्रदेशसभाको सातौँ वार्षिकोत्सवको अवसरमा आज जनकपुरधाममा आयोजित कार्यक्रममा उहाँले प्रदेशप्रति हुने गरेको नकारात्मक टिप्पणी चिर्दै सङ्घीयता तथा गणतन्त्रको संस्थागत विकास हुने गरी गतिविधि गर्न प्रदेश सरकार र प्रदेशसभा सदस्यहरूसँग आग्रह गर्नुभयो ।

मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेशमा सुशासन तथा जनतालाई विकासको अनुभूति गराउन प्रदेश सरकारले विभिन्न व्यवधानका बीच काम गरिरहेकाले चाडै परिणाम देखिने बताउनुभयो ।

प्रदेशसभा सभामुख रामचन्द्र मण्डलले सङ्घीय शासन प्रणालीपछि मधेशका गाउँगाउँमा विकासको पहुँच पुगेका कारण गाउँहरूसहरमा परिणत हुन थालेको बताउनुभयो। शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले शिक्षामा लगानी नबढाएसम्म प्रदेशको समृद्धि र विकास कठिन हुने भएकाले सबै तहका सरकारलाई लगानी बढाउन आग्रह गर्नुभयो। खेलकुद तथा समाजकल्याणमन्त्री प्रमोद जयसवालले



प्रदेशसभाले विकास तथा सुशासन अगाडि बढाउनका लागि नेतृत्वदायी भूमिका खेल्न आवश्यक रहेको बताउनुभयो ।

नेपाली कांग्रेसका नेता रामसरोज यादवले प्रदेशमा प्रभावकारी कार्यसम्पादनका लागि यथाशीघ्र प्रहरी र निजामती कर्मचारीको समायोजन हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा यस वर्षको सर्वोत्कृष्ट प्रदेशसभा सदस्यको रूपमा जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादव र सर्वोत्कृष्ट कर्मचारीको रेडियो नेपाल प्राविधिक अधिकृत ईन्द्रकुमार बहरखेललाई सम्मान गरिएको थियो । बहरखेल प्रदेशसभाको स्थापनादेखि नै सचिवालयमा काजमा काम गरिरहनुभएको छ ।


## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,

- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं,
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाओं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिव्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔ.
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौ.

सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड